लेखापरीक्षण प्रतिवेदन

थबाङ गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

थबाङ गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/729

श्रीमान् अध्यक्षज्यू,
थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/729

श्रीमान् अध्यक्षज्यू,
थबाङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरेको छैन।

२.२.गाउँपालिकाको आय र ब्ययतर्फ रु. ८३ करोड ३९ लाख ५४ हजारको लेखापरीक्षणबाट रु.१ करोड १ लाख ४२ हजार (१.२१ प्रतिशत) बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.५ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१० लाख ३८ हजार र नियमित गर्नुपर्ने रु.८५ लाख ११ हजार गरी जम्मा रु. १ करोड १ लाख १६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.१६ करोड २२ लाख ३३ हजार मध्ये रु.१ करोड २५ लाख १ हजार सम्परीक्षण भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.१५ करोड ९८ लाख ४८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेकाछौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत थबाङ गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएकासबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४०	२७	१,०१,४२,०१३	०	४	२५,८४९	०	४०	२३	१,०१,१६,१६४	५,६६,७०५	८५,११,०९९	१०,३८,३६०	०	०	९५,४९,४५९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रोल्पा	१६,२२,३३,७६६	०	१,२५,०१,७४५	१४९७३२०२१	०	१,०१,१६,१६४	१५,९८,४८,१८५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
यस वर्षको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	24.६	शिक्षा तर्फ	५,९४०
२	२०८१/८२	२१	बढी भुक्तानी	१९,९०९
जम्मा				**२५,८४९**
गत विगत आर्थिक वर्षको सम्परीक्षण				
३	२०७९/८०	२८.२	शिक्षा तर्फ	८७,५४५
4	२०७६/७७	५९	सामाजिक सुरक्षाको पेश्की	१,२४,१४,२००

जम्मा	१,२५,०१,७४५
कुल जम्मा	१,२५,२७,५९४

थबाङ गाउँपालिका, रोल्पा

(८०५५४५०२३००)

थवाङ गाउँपालिका , रोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेका छन् भने क्षेत्रफल १९१.०७ वर्ग किलोमिटर तथा १०८५१ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२ देखि २०८२।५।३ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- आय-व्ययतर्फ रु.८३ करोड, ३९ लाख, ५४ हजार, ७४१ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन्।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		५५९१०००५.८	चालु खर्च		१८०००४८३४
१.संचित कोष	३५३६७११२.५१		१. पालिका तर्फ	६८६७९११५	
२.धरौटी	१९३९४४६०.८६		२. संघीय सशर्त	१०६६२५५४२	
३.कार्यसञ्चालन कोष	३८०९४२.५		३. संघीय विशेष		
४. अन्य कोष	७६७४८९.९३		४. प्रदेश सशर्त	३३५१७००	
यस वर्षको आय		३०७२५२८५४.०६	५. प्रदेश विशेष	१३४८४७७	
१.आन्तरिक आय	६०९६५०३.०६		पुँजीगत खर्च		१२१२२३७२९
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	७१६४६२२६	
क) समानीकरण अनुदान	६३४९७९२०		२. संघीय सशर्त	२७५०६६०९	
ख) राजस्व बाँडफाँट	६४३९४१८१		३. संघीय विशेष	४१३९१०१	
ग) सशर्त अनुदान	१५६७६४२५०		४. संघीय समपूरक	६२५१८८२	
घ) समपूरक अनुदान	९००००००		५. प्रदेश सशर्त	५७४४५२३	
ङ) विशेष अनुदान	७५०००००		६. प्रदेश विशेष		
च) रोयल्टी			७. प्रदेश समपूरक	५९३५३८८	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		७७५६८०२०
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२६८००६९६.३४	क) सामाजिक सुरक्षा	६१५००१८३	
क) समानीकरण अनुदान	३९२५०००		ख)पर्यटन पूर्वाधार विकास आयोजना	१५५९०६७१	
ख) राजस्व बाँडफाँट	३९७५६९६.३४		ग) विद्यायलय शिक्षा क्षेत्र योजना	७२०००	
ग) सशर्त अनुदान	१०३२००००		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४०५१६६	
घ) समपूरक अनुदान	७००००००		अन्तर सरकारी अख्तियारी (		

			प्रदेश)		
ङ) विशेष अनुदान	१५८००००		ऋण फिर्ता(साँवा)		
च) रोयल्टी			ऋणको ब्याज भुक्तानी		
छ) अन्य			धरौटी फिर्ता तथा सदर स्याहा	६०४६३४८.२२	६०४६३४८.२२
४. अन्तर सरकारी अख्तियारी (संघ)		७७५६८०२०	कार्यसञ्चालन कोषबाट भएको खर्च	९०००००	९०००००
क) सामाजिक सुरक्षा	६१५००१८३		अन्य कोषबाट भएको खर्च		
ख)पर्यटन पूर्वाधार विकास आयोजना	१५५९०६७१		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ग) विद्यायलय शिक्षा क्षेत्र योजना	७२०००		अन्य सहयोगमा सञ्चालित योजना		
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४०५१६६		अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)					
६. ऋण/ वित्तीय व्यवस्था			अनुदान फिर्ता		३१२६१०२८
७. धरौटी आय	७०७५५६५.३७	७०७५५६५.३७	१. संघ तर्फ		
८. कार्यसञ्चालन कोष आय	१३५१८६५.३३	१३५१८६५.३३	क) सशर्त अनुदान	२२६३२०९९	
९. अन्य कोषको आय			ख) विशेष अनुदान	२७४८११८	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			ग) समपूरक अनुदान	३३६०८९९	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			२. प्रदेश तर्फ		

१२. अन्यआय भएमा			क) सशर्त अनुदान	१२२३७७७	
			ख) विशेष अनुदान	२३१५२३	
			ग) समपूरक अनुदान	१०६४६१२	
			अन्तिम मौज्दात		६२०५३२६६.५९
			१. संचित कोषको मौज्दात	३६९३१०७१.२७	
			२. धरौटी	२०४२३६७८.४९	
			३. कार्यसञ्चालनकोष	८३२८०७.८३	
			४.अन्यकोष	३८६५७०९	
जम्मा	४७५९५९००६.९	४७५९५९००६.९	जम्मा	४७५९५९००६.९	४७५९५९००६.९

३ **वित्तीय विवरण परीक्षण**

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः-

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६१५००१८३,पर्यटन पूर्वाधार विकास आयोजनाको रु.१५५९०६७१,विद्यालय क्षेत्र योजनाको ७२००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४०५१६६ समेत रु.७७५६८०२० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

संकेत	कोष खाता	स्रेस्ताअनुसार मौज्दात रु	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
ग १.१	आन्तरिक राजस्वखाता	०	०	०
ग १.२	बाँडफाँटबाट प्राप्त राजस्व खाता	०	०	०
ग १.३	आन्तरिकअनुदान खाता	०	०	०
ग ६.१	स्थानीयतह विभाज्य कोष खाता	०	४५८०३४	४५८०३४
ग ४.१	स्थानीयतह सञ्चित कोष खाता	३६९३१०७१.२७	३६९३१०७१.२७	०
ग ३.१	स्थानीयतह धरौटी खाता	२०४२३६७८.४९	२०४२३६७८.४९	०
ग २.२	चालूखर्च खाता- जोर वर्ष	०	०	०
ग २.४	पुँजीगतखर्च खाता- जोर वर्ष	०	०	०
ग २.७	विविधखर्च खाता	८३२८०७.८३	८३२८०७.८३	०
ग ५.१	स्थानीयतह विविध कोष खाता	३०९८२१९.०७	३०९८२१९.०७	०
ग ७.२	स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	७६७४८९.९३	७६७४८९.९३	०
जम्मा		५८९५५०४७.५२	६२६७७३२५०.५९	४५८०३४

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

४ बजेट तथा कार्यक्रम

४.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु. ३८ करोड ४९ लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४.५ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १२९ योजनामा बजेट विनियोजन गरेको छ।

क्र.स.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाखसम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	८०	१६	२९	३५
२	वडास्तरीय	४९	०	६	४३

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुने तथा चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्न सक्ने हुन्छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२१ योजनामात्र कार्यान्वियन भई ८ योजना कार्यान्वियन हुन नसकी शून्य प्रगति देखिएको छ। तसर्थ पालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु कार्यान्वियन गर्नुपर्दछ।

४.६ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पुँजीगत तथा चालु शीर्षकका २४ वटा योजन तथा कार्यक्रममा विनियोजन भएको १ करोड २२ लाख ३८ हजार घट गरी कूल १८ वटा योजना तथा कार्यक्रममा रु.१ करोड २६ लाख २७ हजार बजेट थप रकमान्तर गरेको छ। उक्त रकम सुरु बजेट रु. ३८ करोड ४९ लाख ४१ हजारको तुलनामा ३.२८ प्रतिशत हुन आउछ। यसरी पालिकाले सभाबाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने परिपाटी सुधार हुनुपर्दछ। साथै रकमान्तर गरेको रकम मध्ये जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास अवलोकन भ्रमणमा रु.२ लाख २५ हजार र वडा नं. ३ कार्यालय ट्रस निर्माणमा रु.५० हजार खर्च गरेको देखिएन।रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

४.७ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची-२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१२१२२३	१०३८४	५३३	१२०३८	९८२६८	८३६५५
खर्च प्रतिशत	१००	८.५७	०.४४	९.९३	८१.०६	६९

पालिकाको पुँजीगत तर्फ रु.१२ करोड १२ लाख २३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ३ लाख ८४ हजार (८.५७प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५३ लाख ३० हजार (०.४४ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु.१ करोड २० लाख ३८ हजार (९.९३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड ८२ लाख ६८ हजार (८१.०६ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.८ करोड ३६ लाख ५५ हजार (६९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.८ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

रु.हजारमा

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३९०६४	२६१६६	८.८७
२	सामाजिक विकास	१७४६६८	१४५९२१	४९.४७
३	पूर्वाधार विकास	७११३१	५८२४८	१९.७५
४	सुशासन तथा अन्तरसम्बन्धितक्षेत्र	१२३८०	३७४०	१.२७
५	कार्यालय सञ्चालन तथाप्रशासनिक	७८६९८	६०९०१	२०.६४
जम्मा		**३७५९४१**	**२९४९७६**	**१००**

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ७८.४६ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४९.४७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी १.२७ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवम् खर्चको व्यवस्थापन गर्नुपर्दछ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।
• पालिका भित्रका विद्यालयको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्धढ बनाउनु पर्दछ।

६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

७ **संगठन तथा कर्मचारी व्यवस्थापन**

७.१ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ। पालिकाको विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर सातौं, लेखा अधिकृत सातौं, प्रशासन अधिकृत तथा आन्तरिक लेखापरीक्षक लगायत विभिन्न २३ पद रिक्त रहेको देखिन्छ। रिक्त पदको लोक सेवा आयोगमा माग गरेता पनि पदपूर्ति नभएको पालिकाले जनाएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ। स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

७.२ **तलवी प्रतिवेदन** – लुम्बिनी प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १५ कर्मचारीको रु १ करोड ३३ लाख ३ हजार र पालिकाका चालुतर्फ १४ जना कर्मचारीको रु ८५ लाख १ हजार गरी रु २ करोड १८ लाख ४ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

८ **कानुन निर्माण एवं कार्यान्वयन**

८.१ **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली,३७ कार्यविधि लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

८.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। पालिकाको विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप

भएको ११ गरी कुल १७ विवाद दर्ता भएकोमा १० वटा मात्र फस्र्यौट भई ७ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय २०८०।८१	आन्तरिक आय २०८१।८२	आन्तरिक आय प्रतिशत
२९७७७०	८७०९	५०२१	१.६८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६८ प्रतिशत मात्र रहेको छ। पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो बनाई आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१० कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको छ।

आय शीर्षक	अनुमान	असुली
सम्पती कर	५००००	६७२५.३९
भुमिकर/ मालपोत	१०५००००	११०५३२९.१४
वहाल कर	१०००००	१०५४६२.०६
वहाल विटौरी कर	११०००००	१७५००
अन्य मनोरञ्जन कर	०	४०००
व्यवसायले भुक्तानीगर्ने	०	४८०००
कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर	५०००००	९९९१०
अन्य कर	११०००००	४२१८०५
अन्य बिक्रिबाट प्राप्त रकम	५०००००	०
विद्युत सेवा शुल्क	०	८८५५७४
अन्य सेवा शुल्क तथा बिक्री	२०००००	१८०००
न्यायिक दस्तूर	५००००	२६४६५
शिक्षा क्षेत्रको आम्दानी	०	३२००
परीक्षा शुल्क	०	१३२००
अन्य प्रशासनिक सेवा शुल्क	५०००००	२१८११०
सिफारिश दस्तुर	३०००००	४०९०३०
व्यक्तिगत घटना दर्ता दस्तुर	१५००००	२४८८००
नाता प्रमाणित दस्तुर	०	२७६००
अन्य दस्तुर	०	६८२७२.३४
व्यवसाय रजिष्ट्रेशन दस्तुर	०	२४७५००
अन्य क्षेत्रको आय	०	२२००
प्रशासनिक दण्ड, जरिवाना र जफत	०	७००००
अन्य राजस्व	०	९०३४७५
व्यवसाय कर	५०००००	४७४९६
बेरूजू	०	२४०००
जम्मा रकम	**६१०००००**	**५०२१६५४**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको देखिएकोले उल्लिखित असुली यथार्थपरक रहेको मान्न सक्ने अवस्था देखिएन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

११ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४७ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थपरक मान्न सक्ने अवस्था छैन। पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ मा मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना

७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाको विवरणअनुसार पालिका भित्र ८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे परीक्षण गर्न सकिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१३ **सेवा प्रवाहको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ। पालिकाको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको छ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
जन्मदर्ता	४०१	४०१
मृत्युदर्ता	१३७	१३७
बसाइँसराइ दर्ता	३२	३२
विवाह दर्ता	१६०	१६०
सम्बन्धविच्छेद दर्ता	१९	१९
जम्मा	**७४९**	**७४९**

१४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष कुल आन्तरिक आय रु.५० लाख २१ हजारको तुलनामा करिव ६५.०२ प्रतिशत अर्थात् रु. ३२ लाख ६५ हजार खाना, खाजा, पानी, चिया तथा विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको बिल भरपाई पेश गरेको भएतापनि कतिपय खर्चका बिल भरपाईका साथमा सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१५ **ईन्धन खर्च**

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ परिच्छेद ३ मा सवारी साधन पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने मापदण्ड रहेको छ। पालिकामा मोटरसाइकल, स्कार्पियो लगायतका विभिन्न प्रकारका सवारी साधन रहेकोमा सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड कार्यविधि बनाएको छैन। पालिकाबाट प्राप्त विवरण अनुसार चालु हालतमा रहेका मोटरसाइकल-१६, स्कापियो-१, कृषि एम्बुलेन्स-१ गरी जम्मा सवारी साधन १८ संचालनमा रहेको देखिन्छ। यस वर्ष पालिकाले ईन्धन वापत रु.१६ लाख ७९ हजार खर्च गरेको छ। इन्धन खर्च गर्दा मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम/रोजगार सृजना**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा २० योजना सञ्चालन गरी यस वर्ष ७६ जनालाई औषत ९२.५६ दिनले ७०३५ दिन रोजगारी उपलब्ध गराई रु ४६,९९,३८० खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि निर्देशिकाले तोकेको न्यूनतम १०० दिनको रोजगारी उपलब्ध नगराएको साथै यसले विवरण राखेको

नदेखिएकोले कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रममा दोहोरो नहुने गरी योजना छनौट गरी ब्यवस्थित तवरले कार्यान्वयन गर्नुपर्छ।

१७ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको, त्यसै गरी ऐनको दफा ८३(८) मा पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था रहेको छ। पालिकाले मेडिकल अधिकृत, स्टार्फ नर्स, अहेव, फार्मेसी, अनमी, सहलेखापाल, ल्याब असिष्टेन्ट, रेडियोग्राफर, सोलास मिनिग्रीड व्यवस्थापक, असिस्टेन्ट ईन्जिनियर, सवारी चालक, कम्प्युटर अपरेटर, कार्यालय सहयोगी लगायत विभिन्न पदमा ७३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१ करोड १० लाख २ हजार खर्च लेखेको छ। पालिकाले खर्च व्यहोर्ने स्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना स्वीकृत दरबन्दी बेगर सब ईन्जिनीयर-१, सौर्य मिनीग्रीड व्यवस्थापक-१, टेलिसेन्टर कर्मचारी-१, ना.प्रा.स- ३, फार्मेसी-१, ल्याब असिष्टेन्ट-१ र सहलेखापाल-१ समेत ९ जना करारमा नियुक्ती गरी यस वर्ष तलब भत्ता बापत रु.२८ लाख ५३ हजार भुक्तानी गरेको छ। पालिकाले उक्त पदहरुमा विगत वर्ष देखी कार्यरत रहेको जनाएको छ।यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२८,५३,३००

१८ **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका कार्यालयलाई देहायका कार्यबापत भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. र मिति	**विवरण**	**कार्यालय**	**रकम**
१४९-२०८१।११।११	इन्धन,मसलन्द लगायत	इलाका प्रहरी कार्यालय,उवा	४५७१२
१८५-२०८१।१२।१५	सवारी मर्मत तथा कार्यालयव्यवस्थापन	प्रहरी चौकी,रानागाउँ	४७८४५
३८५-२०८२।३।२२	सवारी साधन मर्मत,घर्तीगाउँ	ईलाका प्रहरीकार्यालय,घर्तीगाउँ	४९२५०
जम्मा			**१४२८०७**

अनियमित भएको	१,४२,८०७

१९ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी,कुनै प्रकारले हस्तान्तरण भई आएको वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६। ७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ। पालिकाले देहायका वस्तु तथा सेवा खरिद गरेकोमा पाम्समा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

गो.भौ.नं. र मिति	जिन्सी विवरण र स्पेशिफिकेशन	परिमाण	भुक्तानी रकम	कैफियत
३२०-२०८२।३।१६	जैविक विविधता अध्ययन अनुसन्धान	१	४९६६००	दाखिला गर्नुपर्ने
५-२०८१।१०।२४	विद्युतीय मेसिन हाजिरी	६	६६००३	विद्यालयलाई हस्तान्तरण भरपाई र दाखिला पेश गर्नुपर्ने
	जम्मा		**५६२६०३**	

प्रमाण पेश नगरेको	५,६२,६०३

२० **विल भरपाई**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका कार्यक्रम सञ्चालनका लागि खरिद गरिएका सामाग्री वितरण गरेको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

गो.भौ.नं. र मिति	विवरण	रकम	कैफियत
३३०-२०८२।३।१७	कापी-९० दर्जन, डटपेन-४५०, सिसामकलम-९०, इरेजर-५०, सार्पन-५०	१६६९२८	विपन्न विद्यार्थीलाई वितरण गर्न खरिद गरेको तर वितरण नगरेको
५-२०८२।३।१८	होम फ्रिज ४ वटा खरिद गरी ३ वटा भरपाई पेश भए पनि १ को भरपाई पेश नभएको	३००००	भरपाई पेश गर्नुपर्ने
जम्मा		**१९६९२८**	

प्रमाण पेश नगरेको	१,९६,९२८

२१ **बढी भुक्तानी**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **१९,९०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२२ **विज्ञापन बोर्डको कोष खाता**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६(क) मा सरकारी निकायले विज्ञापन वा सुचना प्रकाशन तथा प्रशारण वापतको त्यस्तो एजेन्सीले जारी गरेको विल बमोजिमको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ३ प्रतिशत कट्टी गरी वोर्डको कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले विज्ञापन प्रकाशन वापत निम्नानुसारको रकम भुक्तानी गर्दा ३ प्रतिशत रकम कट्टी नगरी भुक्तानी गरेको देखिएकोले विज्ञापन वोर्डमा रकम जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

गो.भौ.नं. र मिति	भुक्तानी पाउने	स्थायी लेखा नम्बर	भुक्तानी रकम	३ प्रतिशत रकम
विभिन्न	आर.आर. एड मिडिया	६१५८७९४४२	९४३४४६	२८३०३
	भिजन एड मिडिया	६१७२२३०१६	९४२५७८	२८२७७
	नयाँ युगबोध प्रकाशन प्रा.लि.	३०५७३६७३२	५२६०८७	१५७८२
जम्मा			**२४१२१११**	**७२३६२**

प्रमाण पेश नगरेको	७२,३६२

२३ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १३ मा पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो स्रोत तथा क्षमताका आधारमा सम्बन्धीत स्थानीय तहले निर्णय गरी सुविधा घटाउन सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष आन्तरिक आय वापत रु. ५० लाख २१ हजार प्राप्त गरेकोमा पदाधिकारी तथा सदस्यलाई सुविधावापत रु. ५९ लाख ७९ हजार भुक्तानी गरेको छ। आन्तरिक आयको तुलनामा सुविधा भुक्तानी ११९.०७ प्रतिशत रहेको देखिन्छ। पालिकाले पदाधिकारी तथा सदस्यहरुको सुविधा निर्धारण गर्दा पालिकाको आन्तरिक आय र क्षमतालाई आधार मानी गर्नु पर्दछ।

क्र.स.	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडा अध्यक्ष	कार्यपालिका सदस्य	सभाका सदस्य	जम्मा
१	यातायात खर्च	१४४०००	१४४०००	६०००००	४३२०००	५४००००	१८६००००
२	टेलिफोन,मोबाइल	४२०००	३६०००	१८००००	२१६०००	४५००००	९२४०००
३	पुस्तक,पत्रीका, ईन्टरनेट	४८०००	४८०००	१८००००	२१६०००	३६००००	८५२०००
४	समन्वय तथा सहजीकरण	१२००००	९६०००	३६००००	३६००००	५४००००	१४७६०००
५	अतिथि सत्कार	७२०००	६००००	२४००००	०	०	३७२०००
६	खानेपानी/ बिजुली/ सरसफाई	१२००००	१२००००	०	०	०	२४००००
७	चाडपर्व खर्च	१५०००	१५०००	६००००	६००००	१०५०००	२५५०००
जम्मा		**५६१०००**	**५१९०००**	**१६२००००**	**१२८४०००**	**१९९५०००**	**५९७९०००**

२४ **शिक्षा तर्फ**

२४.१ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने कार्य पालिको हुने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति गरी नियमित पठनपाठनको व्यवस्था गर्नुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	विद्यालयको तह	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये राहत/ करार	रिक्त दरबन्दी
१	प्राथमिक तह(१-५)	४३	४३	७	०
२	निम्न माध्यमिक तह(६-८)	२३	२२	५	१
३	माध्यामिक तह(९-१०)	१३	१२	८	१
४	माध्यामिक तह(११-१२)	६	६	४	०
जम्मा		**८५**	**८३**	**२४**	**२**

उल्लिखित विवरण अनुसार पालिकामा जम्मा ८५ स्वीकृत दरबन्दी रहेकोमा ५९ स्थायी पदपूर्ति र २४ राहत/करारमा नियुक्ति गरी जम्मा ८३ पदपूर्ति गरेको देखिन्छ भने २ पद रिक्त रहेका छन्। पालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रभावकारी बनाउन स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ।

२४.२ **शिक्षक विद्यार्थी अनुपात-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने कार्य पालिको हुने उल्लेख छ । शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाको विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत २१ सामुदायिक विद्यालयमा ९५ जना शिक्षक र २९६४ विद्यार्थी

रहेकोमा समग्रमा शिक्षक विद्यार्थी अनुपात १:३१ रहेको छ। पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको छ।

क्र.स.	विद्यालयको नाम र ठेगाना	शिक्षक सङ्ख्या	विद्यार्थी सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री बीर बलभद्र मावि थवाङ	२३	९९१	१:४३
२	श्री भानुभक्त मावि	१८	५२६	१:२९
३	श्री हिमालय फुलबारी मावि	११	४५५	१:४१
४	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय	५	२५१	१:५०
५	श्री सारदा आवि	३	१००	१:३३
६	श्री जनसेवा प्रावि	३	६९	१:२३
७	श्री हिमालय प्रावि	३	६०	१:२०
८	श्री जनज्योति प्रावि	३	३७	१:१२
९	श्री महेन्द्र मावि	४	१००	१:२५
१०	श्री दीपज्योति प्रावि	१	१२	१:१२
११	श्री जन चक्षु प्रावि	२	३	१:०१
१२	श्री कालिका नेत्र ज्योति प्रावि	२	४९	१:२४
१३	श्री जनसहभागिता प्रावि	२	३८	१:१९
१४	श्री बराह क्षेत्र आवि	३	६७	१:२२
१५	श्री बालविकास प्रावि	३	६९	१:२३
१६	श्री जनज्योति प्रावि	३	४४	१:१४
१७	श्री जनजागृति आवि	३	५५	१:१८
१८	श्री जनकल्याण प्रावि	३	३८	१:१३
जम्मा		**९५**	**२९६४**	**१:३१**

उल्लिखित विवरण अनुसार पालिकाभित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ४५ भन्दा माथि हुने विद्यालय १, शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम हुने विद्यालय 6 तथा १७ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:४५ भन्दा देखिन्छ।सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन।

२४.३ (१७८-2082-03-06):

सिकाइ सामग्री छपाइ तथा वितरण - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ को बुँदा नं ९.३ मा स्थानीय तह अन्तर्गत सञ्चालित विद्यालय (कक्षा १-३) मा प्रति कक्षा १ सेट पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका भाषा तथा गणित विषयका स्वअध्ययन सामग्री छपाइ गरी विद्यालयमा वितरण गर्ने, सामग्री वितरण गरेको जानकारी केन्द्रलाई उपलब्ध गराउने, वितरित सामग्रीको प्रयोगको अवस्था स्थानीय तह तथा इकाइले नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले २१ वटा विद्यालयमा प्रति विद्यालय ४८ सेटका दरले सिकाइ सामग्री छपाइ गरी वितरण गरेको भर्पाइ रहेको तर खरिद बिल र दाखिला नदेखिएको साथै अधिकांश विद्यालयहरुमा EMIS को तथ्यांक अनुसार विद्यार्थी संख्या पनि ४८ जना भन्दा कम भएको देखिएको र प्रति कक्षा १ सेट का दरले प्रति विद्यालय ३ सेट उपलब्ध गराउनु पर्नेमा बढी वितरण गरेको कार्र नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,८८,६२४

२४.४ **शिक्षकको तलब भत्ता अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलबभत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। कार्यक्रम कार्यान्वयन कार्यविधिमा स्थानीय तहले

कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं.१८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार दरबन्दी मिलान र व्यवस्थापन कार्य अद्यावधिक गरी दरबन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ। स्थानीय तहले कार्यविधिले तोके अनुसार दरबन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची-१ बमोजिमको फाराम भरी २०८१ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र पठाई निकासा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन कार्यविधिले गरेकोमा स्वीकृत दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि सशर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीय तहले शिक्षक दरबन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरबन्दी यकिन नगरी सशर्त अनुदानका अतिरिक्त यस वर्ष पालिका अन्तर्गतका विद्यालयहरुलाई थप अनुदान संघीय राजस्व बाँडफाँटबाट रु.७६,००,००० उपलब्ध गराएको देखिन्छ।

२४.५ **क्याम्पसलाई अनुदान** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ञ) मा पालिकाको कार्यक्षेत्र आधारभूत र माध्यामिक शिक्षाको संचालन सम्वन्धि कार्यहरु तोकेको छ। पालिकाले सहिद स्मृति क्याम्पसलाई रु.५००००० तलब भत्ता लगायतका शीर्षकका लागि खर्च उपलब्ध गराएको छ। पालिकाले कार्यक्रम संचालन गर्दा आफ्नो कार्यक्षेत्रभित्रको कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यक्षेत्र भन्दा बाहिर खर्च लेखेको अनियमित देखिएको रु

अनियमित भएको	५,००,०००

२४.६ **दिवा खाजा** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.११.१ मा शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा प्रविष्टी भएको सामुदायिक विद्यालयमा अध्ययनरत बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ दरले पहिलो त्रैमासिकको सुरुमा बजेट निकासा गर्ने र दोश्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको दिनको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित विद्यार्थीको सङ्ख्यात्मक विवरणको आधारमा स्थानीय तहले विद्यार्थी सङ्ख्या यकिन गरी दिवा खाजा मापदण्डको आधार बमोजिम खाजा उपलब्ध गराए नगराएको अनुगमन गरी थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष दिवा खाजाका लागि बालकक्षादेखि कक्षा ५ सम्मका ३५५८ विद्यार्थीका लागि २१ विद्यालयलाई रु. ३९३८९१० निकासा दिएको छ। पालिकाभित्रका सामुदायिक विद्यालयले दिवा खाजाको विल भरपाई र हाजिरी विवरण पेश गरेको नदेखिएको, EMIS को तथ्यांक परीक्षण गर्दा निम्न विद्यालयहरुमा रु. 114705 बढी निकासा भएको देखिएकोले सम्वन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

क्र. सं	विद्यालयको नाम र ठेगाना	भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	असुल गर्नुपर्ने रकम
१	श्री भानुभक्त मावि	२८७६९५	२७७३२०	१०३७५
२	श्री हिमालय प्रावि	१९४२९०	१५६७८०	३७५१०
३	श्री दिपज्योति प्रावि	२८३८०	२७७९०	५९०
४	श्री जनसहभागिता प्रावि	९८६५५	९७३८०	१२७५
५	श्री बराह क्षेत्र आवि	१८०५४०	१३१६१०	४८९३०
६	श्री जनजागृति प्रावि	१५०६०५	१३४५८०	१६०२५
जम्मा				**११४७०५**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **४,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **१,०९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,१४,७०५

२४.७ (८९-2082-11-09):

सेनिटरी प्याड – सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने, त्यस्तै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्रा विद्यार्थीको सङ्ख्या यकिन गरी मापदण्ड बमोजिम वार्षिक १० महिनाको लागि नि:शुल्क सेनिटरी प्याडको व्यवस्थापन गर्ने र सो को अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयका ११०५ छात्रा विद्यार्थीका लागि ७२०० थान सेनेटरी प्याड सोझै खरिद विधिबाट बागेश्वरी ट्रेडर्स एण्ड मिडिया हव प्रा.लिसँग खरिद गरी प्रति सेनेटरी प्याड रु ८९.२७ (मू.अ.कर सहित) का दरले रु ६४२७४४ भुक्तानी दिएको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाण खरिद गर्नुपर्नेमा २०८१।११।९ मा खरिद तथा दाखिला गरी खरिद गरेको मध्ये ६८०० थान सेनिटरी प्याडमात्र वितरण गरेको भरपाई पेश गरेकोले बाकि ४०० स्यानीटरी प्याडको रु ३५७०८ को वितरण गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	३५,८०७

२४.८ (८९-):

सेनिटरी प्याड डिस्पोजल मेसिन खरिद - सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७७ को दफा ९(१) मा प्रयोग भएका महिनावारी व्यवस्थापन सामग्रीहरुलाई वातावरण प्रतिकूल असर नपर्ने गरी दीगो विसर्जन गर्न विद्यालयको हाताभित्र खाल्डो खनी पुर्नुपर्ने साथै विद्यालयको हातामा पुर्ने ठाउँको अभाव भएमा अन्य फोहोर मैला सरह यस्ता वस्तुहरुको विसर्जन गर्नुपर्ने व्यस्था छ। कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ को क्रियाकलाप नं. ४ मा स्थानीय तहले सेनीटरी प्याड खरिद गरी रकम बचत भएमा सामुदायिक विद्यालयमा डिस्पोजल मेसिन नभएमा एकपटकका लागि सेनीटरी प्याड डिस्पोजल मेसिन खरिद गरी वितरण गर्न सक्ने व्यवस्था छ । पालिकाले बाँकी रहेको रकमबाट २ थान सेनीटरी डिस्पोजल मेसिन कोटेशन बिधिबाट बागेश्वरी ट्रेडर्स एण्ड मिडिया हव प्रा.लिबाट खरिद गरी रु. ९२६६० भुक्तानी दिएकोमा विद्यालयलाई हस्तान्तरण गरेको नदेखिएकोले हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	९२,६६०

२४.९ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर - कार्यक्रम कार्यान्वियन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय

व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

(ग) विद्यालयको लेखापरीक्षण - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत २१ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराइ प्रतिवेदन पेश भएको देखिएन। पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई विद्यालयहरुमा वित्तीय अनुशासन कायम गराउनुपर्दछ।

(घ) अनुगमन - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

२४.१० **सार्वजनिकरण** - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्नेमा सार्बजनिक गरेको देखिएन।

२५ औषधि खरिद

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं, उत्पादक कम्पनीको नाम र निशुःल्क वितरणको लागि लगायतका जानकारी उल्लेख हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति, भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यस वर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित सशर्त चालु बजेटबाट कुञ्जन मेडिको कन्सर्न र जुग्नु फार्मस्युटिकल्स प्रा.लिसँग रु.११२७९७५ को औषधी खरिद गरेको देखिन्छ। पालिकाले औषधीको प्रयोग, मौज्दात र म्याद सकेको या सकिन लागेको लगायतका विषयमा अभिलेख व्यवस्थापन गरेको देखिएन । पालिकाले औषधी खरिद, उपयोग, मौज्दात र औषधीको म्यादको अवस्था यकिन गरी औषधी खरिदलाई ब्यवस्थित बनाउनुपर्दछ।

२६ हेभि ईक्युपमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत: डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर,

एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।

क्र.सं.	योजना	निर्माण व्यवसायी	भौ.नं./मिति	भुक्तानी रकम
१	वडा नं. १ र १ बाटोसरसफाई	न्युरन बिल्डर्स एण्डसप्लायर्स प्रा.लि.	१४।२०८१।११।२६	९०३८२८
२	हिमालय फुलबारीमा.वि. फिल्ड निर्माण	जलाभी कन्स्ट्रक्सन प्रा.लि.	१२३।२०८२।०३।२३	४६३६०५
३	वडा नं. ३ बाटो सरसफाई	तेज दृष्ट्रि कन्स्ट्रक्सनप्रा.लि.	१२९।२०८२।०३।२३	८२८७०२

२७ **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नता सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकामा ११ जना तथा एक समूहको लागि रु. १७५२१७ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम,ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिकरण गराउनु पर्दछ।

क्र.स.	कार्यक्रमको नाम	अनुदानको किसिम	संख्या	रकम रु हजारमा
१	मल्चिङ प्लाष्टिक	५० प्रतिशत अनुदान	१०	४०७०७
२	प्लाष्टिक टनेल	५० प्रतिशत अनुदान	३८	१३४५१०
जम्मा			४८	**१७५२१७**

२८ **राजश्व तथा आन्तरिक आय**

थवाङ्ग खोलाबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा बिक्रिको लागि शिलबन्दी दरभाउपत्र माग गरी घाग्य मल्टिपल निर्माण एण्ड सप्लायर्ससँग भ्याटसहित रु.११,३०,००० रकममा सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन्।

२८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलीपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने र समयमा दाखिला नगरेमा १० प्रतिशत जरिवाना तिर्नुपर्ने व्यवस्था छ। पालिकाले गरेको सम्झौतामा सम्झौता गर्दाका बखत ६० प्रतिशत र बाँकी ४० प्रतिशत रकम २०८१।११।२९ सम्म जम्मा गर्नुपर्ने उल्लेख भएकोमा दोस्रो किस्ता बापतको ४० प्रतिशत रकम दाखिला गरेको नदेखिएकोले यसमा १० प्रतिशतका दरले जरिवानासहित रु.४५२००० असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	४,५२,०००

२८.२ **मुल्य अभिवृद्धि कर दाखिला** - मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा मुल्य अभिवृद्धि कर नलाग्ने वस्तु वा सेवा बिक्रि गर्दा मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले पहिलो किस्ता ६० प्रतिशत बापत मूल्य अभिवृद्धि करसहित रु. ६७८००० प्राप्त गरेकोमा मू.अ.क. बापतको रकम रु. ७८००० बेदर्तावालबाट संकलन गरिने राजश्व शीर्षक ३३३१७ मा दाखिला गर्नुपर्नेमा गरेको नदेखिएकोले मुल्य अभिवृद्धि कर रकम राजश्व शीर्षक ३३३१७ मा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७८,०००

२८.३ **वातावरणीय प्रभाव** मुल्याङ्कनमा थवाङ्ग खोलाबाट अधिकतम २५७८०० क्यु. फिट उत्खनन गर्न सकिने उल्लेख भएकोमा सूचना तथा सम्झौतामा कतै पनि परिमाण खुलाएको देखिएन। यसबाट मापदण्ड बमोजिमको परिमाण मात्र उत्खनन भएको यकिन गर्न सकिएन। प्रति दिन उत्खनन गर्न सकिने परिमाण तथा उत्खनन गर्न सकिने जम्मा परिमाण उल्लेख गरी सो अनुरुप भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ।

२९ टुक्रा पारी खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा २ मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले देहाय अनुसारको एक आपसमा अन्तरसम्बन्धित कार्यलाई टुक्राएर दुई वटा प्याकेज बनाई सोझै खरिद विधिबाट कार्य गराएको देखिन्छ। यसरी अन्तरसम्बन्धित कार्यलाई प्याकेज बनाई खरिद गर्नपर्नेमा गरेको देखिएन। सार्वजनिक खरिद गर्दा खरिद कानुनको पालना गरी गर्नुपर्दछ।

क्र.सं.	क्रियाकलाप	फर्म/ सप्लायर्स	भौ.नं./ मिति	रकम रु.
१	कबर्ड हल व्यवस्थापन	बागेश्वरी ट्रेडर्स एण्ड मिडिया हब प्रा.लि.	१०६।२०८२।०३।२२	४९७२००
२	कबर्ड हल व्याडमिन्टन व्यवस्थापन	एस.आर. स्पोर्टस् ट्रेडर्स	१०८।२०८२।०३।२२	९९२५९२

३० सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ४ मा सम्बन्धित स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वयन एकाई वा सघन शहरी तथा भवन निर्माण आयोजनाले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदिको आधारमा अंक प्रदान गरी प्राथमिकताक्रमसहित लाभग्राहीको सूची तयार पारी सुरक्षित नागरिक आवास समन्वय समितिमा पेश गर्नुपर्ने र समन्वय समितिले बढी अंक प्राप्त गर्ने र प्राथमिकता दिनुपर्नेलाई क्रमैसँग लाभग्राहीको रुपमा छनौट गर्ने व्यवस्था छ। सुरक्षित नागरिक आवास समन्वय समितिले २०७८।०१।०३ मा प्राप्त भएका निवेदनमध्ये सि.नं.१ देखि १२१ सम्मका लाभग्राही छनौट गरेकोमा पालिकाले त्यस यता कुन वर्ष कति संख्याका लाभग्राहीले सुविधा लिएको र कति बाँकी रहेका छन् भन्ने खुल्ने गरी अभिलेख राखेको देखिएन। यस वर्ष २३ जना लाभग्राहीलाई रु. ४९२५० का दरले भुक्तानी दिएकोमा देहायका १२ जना लाभग्राही समन्वय समितिले छनौट गरेको सूची बाहिरबाट मापदण्ड बेगर छनौट गरेको देखिएकोले प्रक्रिया नपुर्याई छनौट गर्ने कार्य नियमसम्मत देखिदैंन।

क्र.सं.	लाभग्राहीको नामथर	भुक्तानी रकम रु.
१	श्री गंगा रोका मगर	४९२५०
२	श्री दिल दमाई	४९२५०
३	श्री सर्जिता वि. क.	४९२५०
४	श्री सोम बहादुर रोका	४९२५०
५	श्री पिया बुढा मगर	४९२५०
६	श्री हरि प्रसाद बुढा मगर	४९२५०
७	श्री कामी रोका	४९२५०
८	श्री हर्कमान दमाई	४९२५०
९	श्री हिकमत वि.क.	४९२५०
१०	श्री झुकमान पुन	४९२५०
११	श्री श्रीमान कामी	४९२५०
१२	श्री समपुरा वि.क.	४९२५०
	जम्मा	**५९१०००**

अनियमित भएको	५,९१,०००

३१ **कृषि एम्बुलेन्स**

प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को दफा २२(३) मा कृषि एम्बुलेन्सको मापदण्डको व्यवस्था रहेको छ। जसमा कृषि एम्बुलेन्सको मुख्य मापदण्डमा चिस्यान सुविधा सहितको हुनुपर्ने व्यवस्था रहेको छ। संघीय सरकारको समपूरक अनुदान रकमबाट क्याटलग विधि प्रयोग गरी बिबि अटोमोबाईल प्रा. लि. सँगबाट रु. ३९९४९८८ लागतमा कोल्ड स्टोर सहितको single cab गाडी खरिद गरिएकोमा कार्यालयले तयार पारेको स्पेसिफिकेशन भन्दा देहाय अनुसार फरक रहेको देखिन्छ।

विवरण	स्पेसिफिकेशनमा भएको	खरिद भएको	फरक
पेलोड क्षमता न्यूनतम हुनुपर्ने	१७०० केजी	१०१० केजी	६९० केजी
स्टोरिङ्गक्षमता न्यूनतम हुनुपर्ने	१५०० केजी	१०१० केजी	४९० केजी
Gauges	Signal for 4WD	Not seen Signal for 4WD	

स्पेसिफिकेशनमा भएको पेलोड क्षमता, स्टोरेज क्षमता र gauges जस्ता आधारभुत बिषयभन्दा फरक पर्ने गरी खरिद गरिएको देखिन्छ। खरिद गर्दा सार्वजनिक निकायले तयार पारेको स्पेशिफिकेसन अनुसार खरिद गरी सोही अनुसार भए नभएको प्राविधिक मूल्याङ्कन गराएर मात्र स्विकार तथा भुक्तानी गर्नुपर्नेमा सो अनुरुप गरेको नदेखिएकोले आवश्यक छानवीन गरी यकिन गर्नुपर्दछ ।

३२ **शहिद स्मृति संग्राहलय**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा सोको प्रतिवेदन तयार पार्नुपर्ने व्यवस्था छ। नियम ११७(२) मा निर्माण कार्यको हकमा कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्विकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ११७(४) मा यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणीत नभएसम्म त्यस्तो कुनै पनि कार्य स्विकार गर्न नहुने व्यवस्था छ। पालिकाले शहिद स्मृति संग्राहलय फिनिसिङ्ग तथा निर्माणको लागि रु. ७१३२३८८ कबोल गर्ने संजय निर्माण सेवासँग सम्झौता गरेकोमा प्रथम र अन्तिम बिल बापत रु. ६५७७३२२ भुक्तानी गरेको देखिन्छ। सम्झौता रकमको ७.७ प्रतिशत कम काम भएको भएता पनि भेरियसन आदेश स्विकृत नगरी कार्य स्विकार प्रतिवेदन तयार पारेको देखिन्छ। फिनिसिङ्ग सम्बन्धी कार्य गरेकोमा देहाय अनुसारका कार्य कम परिमाणमा गरेको देखिँदा संग्रालयको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरामा यकिन हुन सकिएन । निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणीत नभएसम्म त्यस्तो कुनै पनि कार्य स्विकार गर्न नहुनेमा स्विकार गरेको देखिएकोले कार्य स्विकार गर्दा खरिद कानुनको पालना गर्नुपर्दछ।

क्र.सं.	कामको विवरण	हुनुपर्ने परिमाण	भएको परिमाण
१	प्लाष्टर	३३५	२९८
२	टायल लगाउने कार्य	६८८	६६४
३	फल्स सिलिङ्ग लगाउने	६३८	६१२
४	पुटीन लगाउने	५१९	३५५
५	UPVC पार्टिसन	१९०	१५४

३३ **फुन्टिवाङ्ग गुरासे सडक स्तरोन्नती** (44-2082-02-13):

लुम्बिनी प्रदेश सरकारको प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को दफा १०(क) मा समपूरक अनुदान रकम जुन आयोजना वा कार्यक्रमको लागि प्रदान भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रदेश समपूरक रकमबाट यो योजनाको लागि रु.१४७०१७७७ लागत अनुमान स्विकृत गरी ठेक्का व्यवस्थापन गरेको र सोही शीर्षकमा रकम बाँकी रहेको भनी फुन्टिवाङ्ग गुरासे सडक स्तरोन्नतिको लागि पुन अर्को ठेक्का लगाई कार्य गरेको देखिन्छ। पहिलो ठेक्का र दोस्रो

ठेक्कामा चेनेज नखुलाई ठेक्का लगाएकोले दोहोरो परे नपरेको यकिन गर्न सकिएन। एउटा आयोजना तथा कार्यक्रमको लागि प्राप्त अनुदान रकम अन्य प्रयोजनमा लगाएको देखिएको यस्तो कार्य नियमसम्मत देखिदैन ।

अनियमित भएको	१९,९८,२३४

३४ **प्रशासकिय भवनमा आरसिसी रोड, क्यानटीन भवन र अन्य कार्य**

प्रशासकिय भवनमा आरसिसी रोड, क्यानटीन भवन र अन्य कार्य संघीय सरकारको समपूरक अनुदानमा कबोल रकम रु. १२२५८६३० मा उत्सव निर्माण सेवालाई २०८२।०२।३० सम्म कार्य सम्पन्न गर्ने गरी कार्यदिश दिईएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।

३४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबु बाहिरको अवस्था परी खरिद सम्झौता बमोजिमको काम सम्झौता अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ ।यस योजनाको म्याद मिति २०८३।०६।३० सम्म थप भएकोमा थप गर्नुको मनाशिव कारण र थप भएको अवधिमा सम्पन्न हुने work schedule पेश नगरेको तथा ईन्सुरेन्स र कार्यसम्पादन जमानतको म्याद थप गरेको देखिएन । म्याद थप गर्दा मनाशिव कारण सहित ईन्सुरेन्स र कार्यसम्पादन जमानतको म्याद थप गर्न लगाई, work schedule पेश गरेपछि मात्र गर्नुपर्दछ ।

३४.२ लुम्बिनी प्रदेश सरकारको प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को दफा १०(क) मा समपूरक अनुदान रकम जुन आयोजना वा कार्यक्रमको लागि प्रदान भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । योजनाको ठेक्का व्यवस्थापन गरी बाँकी रहेको रकमबाट सभाहल निर्माणको लागि मूल्य अभिवृद्धि कर बाहेक कबोल रकम रु. ४१४३८६५ मा पुन ठेक्का लगाई भुक्तानी गरेको देखिएकोले प्रदेश सरकारबाट भुक्तानी गरेको रकम रु. २२३७१३४ नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२२,३७,१३४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : थबाङ गाउँपालिका, रोल्पा , थवाङ गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Hemraj Gharti Magar	२०७९-५-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	यज्ञ प्रसाद कंडेल	२०७९-८-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५९२,५५४	८,५११,०९९	१,०३८,३६०	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१०,१४२,०१३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२५,८४९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१०,११६,१६४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५५९१०००५.८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३६७६२१७०	चालु खर्च	१८०००४८३४.४८
प्रदेश सरकारबाट अनुदान	२२८२५०००	पूँजीगत खर्च	१२१२२३७२९
राजश्व बाँडफाँट	६९४४४७२६.३१	वित्तीय/अन्य व्यवस्था	११२६७७१७६.८३
आन्तरिक आय	५०२१६५३.९३		
अन्य आय	८५९९५४५०.८६		
कुल आय	४२००४९००१.१०	कुल खर्च	४१३९०५७४०.३१
बाँकी मौज्दात		६२०५३२६६.५९	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,०६,२३,८१२.१४	०.००	७,०६,२३,८१२.१४	६,४०,९०,१४५.५६	०.००	६,४०,९०,१४५.५६
१३०००	अनुदान		२२,८३,२६,१४२.००	०.००	२२,८३,२६,१४२.००	२१,५९,९०,१७९.९०	०.००	२१,५९,९०,१७९.९०
१४०००	अन्य राजस्व		३८,१८,५६८.१०	०.००	३८,१८,५६८.१०	७३,४७,७६२.०१	०.००	७३,४७,७६२.०१
१५०००	विविध प्राप्ति		२४,०००.००	०.००	२४,०००.००	३५०.००	०.००	३५०.००
क	कुल जम्मा प्राप्ति		३०,२७,९२,५२२.२४		३०,२७,९२,५२२.२४	२८,७४,२८,४३७.४७		२८,७४,२८,४३७.४७
३	चालु		१८,००,०४,८३४.४८	०.००	१८,००,०४,८३४.४८	१७,३१,४५,२६०.५६	०.००	१७,३१,४५,२६०.५६
२१०००	पारिश्रमिक / सुविधा		५,४६,४०,१००.४८	०.००	५,४६,४०,१००.४८	४,७७,९९,४५८.२०	०.००	४,७७,९९,४५८.२०
२२०००	मालसामान तथा सेवाको उपयोग		४,३६,६७,९११.००	०.००	४,३६,६७,९११.००	४,६०,९९,७३५.७५	०.००	४,६०,९९,७३५.७५
२५०००	सहायता (Subsidy)		७,८६,९७,१५३.००	०.००	७,८६,९७,१५३.००	७,३०,३५,२४५.००	०.००	७,३०,३५,२४५.००
२७०००	सामाजिक सुरक्षा		५,७४,८२०.००	०.००	५,७४,८२०.००	२५,१९,००९.००	०.००	२५,१९,००९.००
२८०००	अन्य खर्च		२४,२४,८५०.००	०.००	२४,२४,८५०.००	३६,९१,८१२.६१	०.००	३६,९१,८१२.६१
४	पुँजीगत		१२,१२,२३,७२९.००	०.००	१२,१२,२३,७२९.००	११,४७,०७,९२६.००	०.००	११,४७,०७,९२६.००
३१११०	भवन तथा संरचना		२,३५,७०,७९१.००	०.००	२,३५,७०,७९१.००	२,४८,८१,००४.००	०.००	२,४८,८१,००४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		९५,९४,३७७.००	०.००	९५,९४,३७७.००	६३,२६,३९७.००	०.००	६३,२६,३९७.००
३११३०	अन्य पुँजीगत खर्च		०.००	०.००	०.००	४,९९,३६३.००	०.००	४,९९,३६३.००
३११४०	सुरक्षा उपकरण		२,१४,५१५.००	०.००	२,१४,५१५.००	९,९७,५००.००	०.००	९,९७,५००.००
३११५०	सार्वजनिक निर्माण		८,६४,९५,३१७.००	०.००	८,६४,९५,३१७.००	८,१८,११,६६२.००	०.००	८,१८,११,६६२.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		०.००	०.००	०.००	१,९२,०००.००	०.००	१,९२,०००.००
३१२२०	मौज्दात सामानहरु		१,९८,७२९.००	०.००	१,९८,७२९.००	०.००	०.००	०.००
३१३१०	बहुमूल्य सामानहरु		११,५०,०००.००	०.००	११,५०,०००.००	०.००	०.००	०.००
ख)	कुल जम्मा भुक्तानी		३०,१२,२८,५६३.४८		३०,१२,२८,५६३.४८	२८,७८,५३,१८६.५६		२८,७८,५३,१८६.५६
ग)	बचत /कमी (ग = क-ख)		१५,६३,९५८.७६		१५,६३,९५८.७६	(४,२४,७४९.०९)		(४,२४,७४९.०९)

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		४५,७९,३०२.०३		४५,७९,३०२.०३	१५,२४,८५७.१४		१५,२४,८५७.१४
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत/(कमी) (ङ=ग+घ)		६१,४३,२६०.७९		६१,४३,२६०.७९	११,००,१०८.०५		११,००,१०८.०५
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,५९,१०,००५.८०		५,५९,१०,००५.८०	५,४८,०९,८९७.७५		५,४८,०९,८९७.७५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज=ङ+च+छ)		६,२०,५३,२६६.५९		६,२०,५३,२६६.५९	५,५९,१०,००५.८०		५,५९,१०,००५.८०

सुझाव

यस गाउँपालिकाद्बारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
-
- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- यस आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण गरेको छैन। कानुनमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षण गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।